गढवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश नेपाल

९८५७८४१०११
०८२-४१०००४
०८२-४१००६४

## औषधी तथा औषधी जन्य सामाग्री खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशन मिति : २०८१।०६।०४ गते)**

यस गढावा गाउँपालिकाभित्र पर्ने स्वस्थ्य चौकीहरुबाट आ.व. २०८१/०८२ मा आम नागरिकलाई विभिन्न प्रकारका औषधीहरू नि:शुल्क वितरण गर्नका लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामग्रीहरू सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र यस सूचनामा उल्लेखित सेवा सर्तको अधिनमा रही इच्छुक ईजाजत प्राप्त WHO GMP Certified कम्पनीबाट उत्पादित औषधि तथा औषधीजन्य सामग्री बिक्रेता, व्यवसायी, व्यक्ति वा फर्महरूले यस गाउँपालिकाको कार्यालय, गढवाबाट पछि फिर्ता नहुने गरी बोलपत्र फाराम बिक्री बापतको दस्तुर रू. ३०००।- यस कार्यालयको एनआइसि एशिया बैंक स्थित आन्तरिक राजस्व खाता नं. ०५१२०५००२८७३८००२ दाखिला गरी ३१ औं दिनको १२:०० बजेभित्र सिलबन्दी बोलपत्र **विघुतीय प्रणाली द्वारा** पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ।

(१) बोलपत्र खरिद गर्दा निम्न कागजातको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।
(क) फर्म तथा व्यवसाय दर्ता, आयकर दर्ता, मु.अ.कर दर्ता, करचुक्ता प्रमाणपत्र सहित नवीकरण भएको प्रतिलिपि पेश गर्नु पर्नेछ।
(ख) कबोल अंकको २.५ प्रतिशतले हुने धरौटी रकम यस गाउँपालिकाको कार्यालय, गढवाको एन.आइ.सि. एशिया बैंक स्थित धरौटी खाता नं. ५१४१४९८८२४५२४००३ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको बिड वण्ड संलग्न हुनु पर्नेछ।
(२) बोलपत्रदाताले बोलपत्र फाराममा दररेट भर्दा अंक र अक्षर दुबैमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइने छ। कुनै शर्त राखी पेश गरेको बोलपत्र मान्य हुने छैन।
(३) बोलपत्र दाखिला गर्ने अन्तिम मिति, समय र स्थान यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र विघुतीय प्रणाली द्वारा पेश गर्नु पर्नेछ। सो दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिनको सोहि समयमा उक्त कार्यहरू गर्न सकिनेछ।
(४) सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान यो सूचना प्रकाशित भएको ३१ औं दिनको २:०० बजे कार्यालय प्रतिनिधिको रोहबरमा गढवा गाउँपालिकाको कार्यालय गढवामा खोलिने छ। ठेकेदारको प्रतिनिधिको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। माथिको बुँदा नं. ३ अनुसार सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिनको सोही समयमा शिलबन्दी बोलपत्र खोलिने छ।
(५) यस सूचनामा उल्लेख भएका कुराहरू पेश नगरी, बोलपत्रको रीत नपुर्याइ वा ढिलो गरी प्राप्त भएको बोलपत्र माथि कुनै कारबाही गरिने छैन।
(६) बोलपत्रदाताले मु.अ.कर लाग्ने सामग्रीहरू भएमा आफ्नो कबोल अंकमा मूल्य अभिवृद्धिकर बाहेकको रकम उल्लेख गर्नु पर्नेछ। मु.अ.कर रकम छुट्टै भुक्तानी गरिनेछ।
(७) बोलपत्र स्वीकृत नभएका बोलपत्रदाताहरूको धरौटी रकम ठेक्का सम्झौता भएपछि मात्र फुकुवा गरिने छ।
(८) बोलपत्र दाता खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, यो खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र व्यवसायी सम्बन्धि कसुर सजाय नपाएको भनी लिखित रूपमा गरेको घोषणापत्र समेत बोलपत्रसाथ पेश गर्नु पर्नेछ।
(९) शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ। कार्यालयको बोलपत्र आइटमवाइज वा प्याकेजमा स्वीकृत गर्न सकिने छ।
(१०) खरिद गरिने औषधि तथा सोसँग सम्बन्धित सामानहरू WHO GMP Certified कम्पनीबाट उत्पादित हुनु पर्नेछ र सोको उपयोग (Expired Date ) यस कार्यालयमा प्राप्त भएको मितिले १८ महिना भन्दा माथिको हुनु पर्नेछ। औषधि तथा सामानको प्याकिङमा " नि:शुल्क वितरणको लागि" भन्ने लेवल अनिवार्य रूपमा लेखेको हुनुपर्नेछ। म्याद कम भएको औषधि तथा सामान प्राप्त हुन आएमा फिर्ता गर्न बाधा पर्ने छैन।
(११) सप्लाई गर्ने औषधि Bottle भएमा प्लाष्टिक बोतलमा र Tablets & Cap भए Strip मा सप्लाई गर्नु पर्नेछ।
(१२) यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुरा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४( संशोधित) अनुसार हुनेछ।
(१३) बोलपत्र सम्बन्धि आवश्यक कुराहरू बुझ्नु परेमा गढवा गाउँपालिकाको कार्यालय गढवामा सम्पर्क गर्न सकिनेछ।

| क.सं. | ठेक्का नं. | विवरण | लागत अनुमान (मु.अ.क. सहित) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/स्वास्थ्य/०८१/०८२ | औषधी तथा सर्जिकल सामान खरिद। | रु. ६०,००,०००।- | रु. १,५०,०००।- | सर्जिकल सामान मु.अ.कर सहित। |

नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner